ग्लोबल आइएमई बैंकमा 'नन् रेसिडेन्ट र ओभरसिज बैंकिङ विभाग'

काठमाडौं, फागुन २८ (नागरिक)- ग्लोबल आइएमई बैंक लिमिटेडले नन् रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागको स्थापना गरेको छ। बैंकले विदेशमा बसोबास गरिरहेका नेपालीका लागि डेडिकेटेड र पूर्ण बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्यले नन् रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागको स्थापना तथा शुभारम्भ गरेको जनाएको छ। बिहीबार बैंकमा आयोजित एक विशेष कार्यक्रमबिच बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले उक्त विभागको औपचारिक शुभारम्भ गरेका छन्।

नेपालमै पहिलो पटक सुरु गरिएको यस विभागमार्फत बैंकले आफ्नो अन्तर्राष्ट्रिय उपस्थिति, प्रविधि र सेवा संयन्त्रलाई एकीकृत गर्दै विश्वभर रहेका आफ्ना ग्राहकलाई विशेष ग्राहयताका साथ एकद्वार प्रणालीमार्फत् सेवा प्रदान गर्नेछ । बैंकको यस विभागबाट विदेशमा रहेका नेपालीलाई सम्पूर्ण बैंकिङ सेवा (बैंक खाता खोल्ने, कर्जा प्रदान गर्ने, ट्रान्जेक्सन बैंकिङ सम्बन्धी सेवा) हरू प्रदान गर्ने, पुँजीबजार तथा पोर्टफोलियो व्यवस्थापन लगायतका सेवाहरू उपलब्ध गराउने छ।

विदेशमा रहेका नेपालीहरूलाई सेवा उपलब्ध गराउन बैंकले ग्राहकलाई ग्राहक सेवा नम्बर, इमेल, वैदेशिक प्रतिनिधि कार्यालय तथा काठमाडौंको नक्सालस्थित यस विभागको कार्यालयमार्फत विभिन्न सेवा उपलब्ध गराउने छ।

टाटा मोटर्सको 'स्विच टु टियागो इभी' एक्सचेन्ज क्याम्प

काठमाडौं, फागुन २८ (नागरिक)- नेपालमा विद्युतीय सवारी साधनप्रति बढ्दो आकर्षणलाई लक्षित गर्दै टाटा मोर्टसले विशेष एक्सचेन्ज योजना सार्वजनिक गरेको छ। 'स्विच टु टियागो इभी' योजनाअन्तर्गत ग्राहकले आफूसँग भएको पुरानो बाइक वा स्कुटर साटेर नयाँ टाटा टियागो इभी घर लैजान सक्नेछन्।

यो विशेष क्याम्पेन २०२६ को मार्च १३, १४ र १५ तारिखमा देशभर सञ्चालन हुनेछ। यस योजनाअन्तर्गत जुनसुकै ब्रान्डका बाइक वा स्कुटर प्रयोगकर्ताले एक्सचेन्ज गरी आकर्षक सुविधासहित टियागो इभी खरिद गर्न सक्ने व्यवस्था गरिएको कम्पनीले जनाएको छ।

यस योजनामा ग्राहकले ४ लाख ९९ हजार रुपैयाँ डाउनपेमेन्ट गरे भने टियागो इभी आफ्नो बनाउन सक्ने जानकारी कम्पनीले दिएको छ । यस योजनाअन्तर्गत पुराना दुईपाग्रे सवारीको उत्कृष्ट मूल्यांकन, आकर्षक नगद छुट, निःशुल्क एक्सेसरिज र एक वर्षको सवारी कर छुट जस्ता विशेष सुविधा उपलब्ध हुनेछन् । त्यसैगरी ग्राहकले सिप्रदी नेटवर्कमार्फत आजीवन निःशुल्क डिसी फास्ट चार्जिङ र निःशुल्क होम चार्जिङ इन्स्टलेसनको सुविधा समेत पाउने कम्पनीले जनाएको छ।

लगानीमैत्री वातावरण बनाउन निजीक्षेत्रको माग

नागरिक संवाददाता

काठमाडौं, फागुन २८

निजी क्षेत्रले कर प्रणाली सुधार, ब्याजदर घटाउने तथा लगानीमैत्री वातावरण निर्माणलाई प्राथमिकता दिन सरकारलाई आग्रह गरेको छ। बिहीबार अर्थ मन्त्रालयमा आयोजित छलफलमा निजीक्षेत्रका प्रमुख छाता संगठनका प्रतिनिधिहरूले अर्थमन्त्री रामेश्वरप्रसाद खनालसमक्ष आगामी सरकार र अर्थमन्त्रीका लागि आवश्यक नीतिगत सुधारका सुझाव प्रस्तुत गरेका हुन्।

छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल तथा नेपाल उद्योग व्यापार महासंघका अध्यक्ष खेमराज भण्डारी लगायत सहभागी थिए। निजीक्षेत्रले कर संरचना प्रतिस्पर्धी बनाउन, उद्योग संरक्षण गर्दै निर्यात प्रवर्द्धन गर्न तथा नीतिगत स्थिरता कायम गर्न सरकारको ध्यानाकर्षण गराएको हो।

व्यवसायीहरूले नेपालको जिडिपीमा राजस्वको योगदान करिब २० प्रतिशत पुगेको उल्लेख गर्दै दक्षिण एसियाली मुलुकहरूको तुलनामा यो दर उच्च भएकाले उद्योगी-व्यवसायीलाई प्रतिस्पर्धा गर्न कठिन भएको बताएका छन्। त्यसैले करका दरहरू पुनरावलोकन गर्नुपर्ने उनीहरूको सुझाव छ। उनीहरूले मूल्यअभिवृद्धि कर (भ्याट) मा एकल दरको सट्टा बहुदर प्रणाली लागू गर्न, कच्चा पदार्थ र तयारी वस्तुको आयात करबीच कम्तीमा दुई तहको अन्तर राख्न तथा अन्तःशुल्कका उच्च दर घटाउनुपर्ने माग पनि राखेका छन्।

लगानीकर्ताको आत्मविश्वास बढाउन लगानी प्रवर्द्धन तथा संरक्षणसम्बन्धी नीति तत्काल ल्याउनुपर्ने र आर्थिक ऐन-कानुनहरू निजी क्षेत्र र विज्ञसँगको सहकार्यमा तयार गर्नुपर्ने सुझाव पनि दिइएको छ । व्यवसायीहरूले नेपाल भूपरिवेष्ठित मुलुक भएकाले ढुवानी लागत कम पर्ने 'वेटलेस' वस्तुहरू जस्तै बहुमूल्य पत्थर तथा सुनचाँदीका गरगहनाको निर्यात प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए। साथै सूचना प्रविधि र पर्यटनजस्ता 'बोर्डरलेस' क्षेत्रलाई प्राथमिकता दिएर आर्थिक वृद्धि बढाउन सकिने धारणा व्यक्त गरे।

अर्थमन्त्री खनालले आफ्नो करिब ६ महिने कार्यकालमा निजीक्षेत्रबाट प्राप्त सहयोग र सुझावप्रति धन्यवाद व्यक्त गर्दै ती सुझावहरूलाई आगामी अर्थमन्त्रीका लागि 'ह्यान्डओभर नोट'का रूपमा तयार पार्ने बताए। उनले २०८२ भदौ २३ र २४ गतेको आन्दोलनपछि खस्किएको व्यावसायिक मनोबल सुधार गर्न सरकार र निजीक्षेत्रको सहकार्य प्रभावकारी भएको उल्लेख गरे। पुँजी बजारको पारदर्शिता, घरेलु उद्योग संरक्षण तथा आर्थिक सुशासनका लागि आधार तयार पार्ने प्रयास गरिएको उनको भनाइ थियो।

निजीक्षेत्रले हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएकोमा सरकारको प्रशंसा गर्दै नयाँ सरकारबाट राजनीतिक स्थायित्व कायम हुने र यसले आर्थिक वृद्धि बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ।

निर्वाचन परिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले ठूलो जनसमर्थन प्राप्त गरेपछि नयाँ सरकार गठनको तयारी भइरहेको छ। पार्टीले अर्थविद् स्वर्णिम वाग्लेलाई अर्थमन्त्री बनाउने संकेत दिइसकेको छ भने बालेन शाह प्रधानमन्त्री बन्दैछन्। यस्तो अवस्थामा निजीक्षेत्रले आगामी आर्थिक नीति निर्माणमा आफ्नो सुझाव समेटिने अपेक्षासमेत व्यक्त गरेको छ।

नेपाली बजारमा सिएफमोटो २५० डुअल इएफआई मोटरसाइकल

काठमाडौं, फागुन २८ (नागरिक)- ऋषि ट्रेड सेन्टरले नेपालमा सिएफमोटो २५० डुअल इएफआई मोटरसाइकल सार्वजनिक गरेको छ। कार्यक्रममा मोटरसाइकल पारखी, चर्चित बाइकर, सामाजिक सञ्जालका इन्फ्लुएन्सर, सञ्चारकर्मी तथा सिएफमोटोको अन्तर्राष्ट्रिय टोलीका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा सहभागी अन्तर र्राष्ट्रिय प्रतिनिधिको उपस्थितिले नेपाली बजारप्रति कम्पनीको प्रतिबद्धता झल्किएको पनि बताइएको छ । नेपालका विभिन्न प्रकारका सडक र भौगोलिक अवस्थालाई ध्यानमा राखेर तयार गरिएको यो मोटरसाइकलले प्रदर्शन, टिकाउपन र बहुउपयोगिताको सन्तुलन प्रदान गर्ने विश्वास कम्पनीका प्रतिनिधिहरूले व्यक्त गरेका छन्।

यो मोटरसाइकल सामान्य सडक तथा अफरोड दुवै प्रकारको यात्राका लागि उपयुक्त हुने गरी तयार गरिएको कम्पनीले जनाएको छ।

एजेन्सी मेनेजरलाई हिमालयन लाइफको सिस्टममा पहुँच

काठमाडौं, फागुन २८ (नागरिक)- हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडले कम्पनीमा कार्यरत एजेन्सी मेनेजरहरूलाई अनलाइन माध्यमबाट बिमा प्रस्ताव पेश गर्न कम्पनीको सफ्टवेयर सिस्टममा पहुँच दिने भएको छ । एजेन्सी मेनेजरले घरमा वा कार्यालयमा बसेर कम्पनीमा बिमा प्रस्ताव पेश गर्न सहज बनाउने उद्देश्यले यस प्रकारको पहुँच दिएको हो।

एजेन्सी मेनेजरहरूले सफ्टवेयर सिस्टममा रहेको एजेन्सी पोर्टल प्रयोग गरी आफूले गरेको बिमा प्रस्ताव स्वीकृतिको लागि कम्पनीमा पेश गर्न सकिने व्यवस्था मिलाएको छ । एजेन्सी मेनेजरले बिमा प्रस्तावको लागि तोकिएका कागजात तथा विवरणहरू एजेन्सी पोर्टलमा पेश गरेपछि कम्पनीले अनलाइन माध्यमबाट अन्डरराइट गर्ने र आवश्यक प्रकिया पूरा भए बिमा प्रस्ताव स्वीकृत गरिने प्रबन्ध गरिएको छ।

एजेन्सी मेनेजरलाई दिइएको यो सुविधाले बिमा प्रस्ताव स्वीकृत गर्न कम्पनीमा पुग्नै नपर्ने र घर वा एजेन्सीको आफ्नै कार्यालयमा बसेर काम गर्न सकिने अवस्था बनेको छ।

ज्योति विकास बैंकको १८औं वार्षिक साधारणसभा

काठमाडौं, फागुन २८ (नागरिक)- ज्योति विकास बैंक लिमिटेडको १८औं वार्षिक साधारणसभा बैंकका सञ्चालक समितिका अध्यक्ष हरिचन्द्र खड्काको सभापतित्वमा सम्पन्न भएको छ। २०८२ फागुन २८ गते बिहीबार काठमाडौंमा सम्पन्न उक्त समारोहमा बैंकका सेयरधनी तथा बैंकका सञ्चालक समितिका सदस्य, पूर्व सञ्चालक, बैंकका विभिन्न पदाधिकारी र कर्मचारीवर्गको उपस्थिति रहेको थियो।

साधारणसभाले बैंकको आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्नुका साथै लेखा परीक्षकको प्रतिवेदनसहित २०८२ असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायतका वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने प्रस्ताव पारित गरेको छ।

नेपालमा ओपो ए ६ सार्वजनिक

काठमाडौं, फाल्गुन २८ (नागरिक)- ओपोले नेपालमा ओपो ए सिक्स स्मार्टफोन सार्वजनिक गरेको छ । धेरै समय ब्याट्री लाइफ, आकर्षक डिस्प्ले र मजबुत डिजाइनलाई प्राथमिकता दिने प्रयोगकर्तालाई लक्ष गरी यो स्मार्टफोन ल्याइएको कम्पनीले जनाएको छ। यसमा सात हजार एमएएच् क्षमताको ब्याट्री रहेको छ।

यसलाई ४५ डब्लु सुपरभुक टिएम फास्ट चार्जिङ सुविधा छ, यसले प्रयोगकर्तालाई लामो समयसम्म प्रयोग गर्न र छिटो चार्ज गर्न सहयोग पुऱ्याउँछ। साथै यसमा १२० एचजेड एमोलेड अल्ट्रा-ब्राइट डिस्प्ले रहेको छ । यसको अधिकतम ब्राइटनेस ११२५ निट्ससम्म पुग्ने जनाइएको छ।

ओपो ए सिक्सको अर्को प्रमुख विशेषता अन्डरवाटर फोटोग्राफी तथा भिडियो ग्राफी क्षमता हो । यसलाई आइपी सिक्स्टी नाइन वाटर तथा डस्ट रेसिस्टेन्सले समर्थन गर्दछ । यसले प्रयोगकर्तालाई पानीभित्र समेत फोटो तथा भिडियो खिच्न सक्षम बनाउँछ।

एक लाख घरधुरीमा वाइफाइ नेपालको इन्टरनेट

Wi-Fi Nepal
स्पीड पनि, सस्तो पनि

काठमाडौं, फागुन २८ (नागरिक)- 'वाइफाइ नेपाल' ले एक लाख परिवारलाई जोड्दै छोटो समयमै ठूलो सफलता प्राप्त गरेको छ।

सन् २०२२ मा स्थापित इन्टरनेट सेवा प्रदायक कम्पनी 'वाई-फाइ नेपाल' ले मध्यम वर्गीय तथा साना परिवारलाई लक्षित गर्दै स्थापना भएको तीन वर्षमा आफूलाई सस्तो र भरपर्दो इन्टरनेट सेवा प्रदायकको रूपमा स्थापित गर्न सफल भएको हो।

नेपालका हरेक घरधुरीलाई इन्टरनेट सेवा प्रदान गर्ने उद्देश्यका साथ स्थापित यो कम्पनी नेपालभर १०० भन्दा बढी सहरहरूमा विस्तार भइसकेको छ भने ४० भन्दा बढी सम्पर्क कार्यालयहरू मार्फत गुणस्तरीय ग्राहक सेवा प्रदान गरिरहेको छ।

वाइफाइ नेपालले देशभर ५०० भन्दा धेरै कर्मचारीहरूमार्फत विस्तारित सेवालाई अझ प्रभावकारी बनाइरहेको जनाएको छ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय पाल्पारोड, बुटवलको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/११/२९ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय पाल्पारोड, बुटवलबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरतावेका गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७०/१२/२४ मा दर्ता नं. १२१३५६/०७०/०७१ कायम भई दर्ता भएको ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १५ स्थित पन्थ कन्स्ट्रक्सन प्रा.लि.

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बुद्धि प्रसाद पन्थको नाति, चदुलाल पन्थको छोरा रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स. वडा नं. ५ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ८ बस्ने सुमन पन्थ (ना.प्र.प.नं. २३७८०, रुपन्देही)
२. वामदेव पन्थको नाति, बुद्धि प्रसाद पन्थको छोरा, गुल्मी जिल्ला, बलेटक्सार गा.वि.स. वडा नं. ८ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ८ बस्ने चदुलाल पन्थ (ना.प्र.प.नं. १४०, गुल्मी)
३. बुद्धि प्रसाद पन्थको बुह्मारी, चदुलाल पन्थको पत्नी, रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ८ बस्ने खिम कुमारी पाण्डे पन्थ (ना.प्र.प.नं. ३७-०२-७२-०५७२३, रुपन्देही)
४. चदुलाल पन्थका बुह्मारी, सुमन पन्थको पत्नी, पाल्पा जिल्ला, अर्जली गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ८ बस्ने कबिता पाण्डे (ना.प्र.प.नं. ३२३००१/७७, पाल्पा)
५. भिम बहादुर क्षेत्रीको नाति, देव बहादुर क्षेत्रीको छोरा रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स. वडा नं. ५ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ८ बस्ने महेन्द्र क्षेत्री (ना.प्र.प.नं. ४/८६, रुपन्देही)
६. देव बहादुर क्षेत्रीको बुह्मारी, महेन्द्र क्षेत्रीको पत्नी, रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स. वडा नं. ५ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ८ बस्ने बिन्दु क्षेत्री (ना.प्र.प.नं. ३२६०२, रुपन्देही)

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८२/११/२९ गतेको नागरिक राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालय/कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१) ऋणीः आरुश ब्याग हाउस दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, दमौली, तनहुँ प्रा.फ.र.नं.: ५५२९/०७५/०७६, दर्ता मितिः २०७५/१२/१८ पान नं: ६०९४६५७५३ ठेगानाः शुक्लागण्डकी - ०४, तनहुँ **प्रोपाइटर/जमानतकर्ताको नाम : देउकी कार्की थापा क्षेत्री** बाबुको नाम : बल बहादुर कार्की क्षेत्री पतिको नाम : राजु थापा क्षेत्री ससुराको नाम : लक्ष्मीवहादुर थापा क्षेत्री ठेगानाः शुक्ला गण्डकी - ०८, तनहुँ ना.प्र.नं.: ४३-०१-७५-०२८७३, जारी मितिः २०७५/०३/०७ जारी गर्ने कार्यालयः जि.प्र.का., तनहुँ **कर्जा लिएको शाखा : दुलेगौडा, तनहुँ**	**क) नाम : राजु थापा क्षेत्री** बाबुको नाम : लक्ष्मीवहादुर थापा क्षेत्री बाजेको नामः डोल राज ठेगानाः ढोरफिर्दी-०३, तनहुँ हालः शुक्ला गण्डकी-०८, तनहुँ ना.प्र.नं.: ४३१०३९/११०१६७ जारी मितिः २०६५/०८/०२ जारी गर्ने कार्यालयः जि.प्र.का., तनहुँ **ख) नाम : जुना कार्की** पतिको नामः खुम बहादुर कार्की ससुराको नामः बल बहादुर कार्की ठेगानाः भानुमती-०६, तनहुँ हालः शुक्ला गण्डकी-०३, तनहुँ ना.प्र.नं.: ४३-०१-७१-०३७६२ जारी मितिः २०७१/०७/१६ जारी गर्ने कार्यालयः जि.प्र.का., तनहुँ

सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय दमौली, तनहुँमा राजु थापा क्षेत्रीको नाममा दर्ता कायम रहेको तनहुँ जिल्ला ढोरफिर्दी-०३/३त्र, स्थित कित्ता नं. ५३४ को क्षेत्रफल २००.७१ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	जमानतकर्ताको विवरण
२. ऋणीः तसलिम खाँ मिस्कार बाबुको नाम : नईम खाँ मिस्कार बाजेको नाम : इसुफ खाँ मिस्कार ठेगाना : बलवा-०९, महोत्तरी हाल : काठमाडौं-०६, काठमाडौं ना.प्र.नं.: ५५७१४११४, जारी मिति : २०५३/०१/३० जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी जारी मिति : २०५३/०१/३० **कर्जा लिएको शाखाः चावहिल, काठमाण्डौ** **जमानतकर्ताको विवरण** **क) नामः मो. आफताब खाँ** बाबुको नामः तसलिम खाँ मिस्कार बाजेको नाम : नईम खाँ मिस्कार ठेगानाः बलवा-०९, महोत्तरी हालः काठमाडौं-०६, काठमाडौं ना.प्र.नं.: १८-०१-७५-०२७०७ जारी गर्ने कार्यालयः जि.प्र.का., महोत्तरी जारी मितिः २०७५/०३/२०	**ख) नामः मोजिमा खातुन** बाबुको नाम : मोतिउर रहमान पतिको नाम : तसलिम खाँ मिस्कार ससुराको नाम : नईम खाँ मिस्कार ठेगानाः धमौरा-०१, महोत्तरी, हालः काठमाडौं-०६, काठमाडौं ना.प्र.नं.: २६७१५५६४, जारी मिति : २०६२/११/११ जारी गर्ने कार्यालयः जि.प्र.का., महोत्तरी **ग) नाम : सज्जाद खाँ** बाबुको नाम : तसलिम खाँ मिस्कार बाजेको नाम : नईम खाँ मिस्कार ठेगानाः बलवा-०९, महोत्तरी, हालः काठमाडौं-०६, काठमाडौं ना.प्र.नं.: १८-०१-७८-०२५८८, जारी मिति : २०७८/०५/०३ जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी **घ) नाम : नौसाद खाँ** बाबुको नाम : तसलिम खाँ मिस्कार बाजेको नाम : नईम खाँ मिस्कार ठेगानाः बलवा-०९, महोत्तरी, हालः काठमाडौं-०६, काठमाडौं ना.प्र.नं.: १८-०१-७८-०२५८४, जारी मितिः २०७८/०५/०३ जारी गर्ने कार्यालयः जि.प्र.का., महोत्तरी

सुरक्षणमा रहेको धितोको विवरणः

१) श्री मालपोत कार्यालय महोत्तरीमा तसलिम खाँ मिस्कारको नाममा दर्ता रहेको महोत्तरी जिल्ला धमौरा-०९, स्थित कि.नं ५८ र धमौरा-०१, स्थित कि.नं. ४२२ र ४२४ को क्षेत्रफल कम्रशः ९२२.७३, २८७.८१ र ६२६.४३ ब.मी. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२) श्री मालपोत कार्यालय महोत्तरीमा मोजिमा खातुनको नाममा दर्ता रहेको महोत्तरी जिल्ला धमौरा-०९, स्थित कि.नं १६८ र धमौरा-०१, स्थित कि.नं. ४१७ र ४१९ को क्षेत्रफल कम्रशः ६०५.२७, ५२४.८५ र २३७.०२ ब.मी. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

Chautara Sangachokgadhi Municipality
Office of the Municipal Executive
Chautara, Sindhupalchok

Invitation for Electronic Bids

Date of Publication: 2082/11/29 (13th Mar 2026)

The Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for Procurement of the following works.

Contract Identification No.	Description	Estimated Amount (inclusive VAT and PS)	Bid Security Amount	Price of Bid Document	Bid Submission Last Date, Time	Bid Opening Date, Time
CSGM/NCB/ WORKS-12/082/083	Remaining Works of Kubinde Cold Store Building, CSGM-04	NRs. 73,51,738.13	NRs. 2,00,000.00	NRs. 3,000.00	2082/12/30 (13th Apr. 2026) at 12:00 Hrs.	2082/12/30 (13th Apr. 2026) at 13:00 Hrs.
CSGM/NCB/ WORKS-13/082/083	Remaining Works of Panichaur Aadharbhut Swastha Kendra Building, CSGM-11	NRs. 24,98,582.72	NRs. 70,000.00	NRs. 3,000.00	2082/12/30 (13th Apr. 2026) at 12:00 Hrs.	2082/12/30 (13th Apr. 2026) at 13:00 Hrs.

1. Future Details bidders are requested to visit PPMO website www.bolpatra.gov.np/egp.
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

Chief Administrative Officer